मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १२२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ १ गते बिहीबार ❑ 15 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकीमा 'राइड सेयरिङ'लाई कानुनी मान्यता

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

सरकारले कानुनी मान्यता नदिए पनि हाल निर्वाद रुपमा संचालन भएका राइड शेयरिङ एप्स अब भने पोखरा सहित गण्डकी प्रदेशमा निश्चित मापदण्ड पूरा गरी संचालनको अनुमति पाउने भएका छन् ।

गण्डकी प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद (क्याविनेट) बैठकले राइड शेयरिङ एप्सको नियमावली पारित गरेसंगै अब निश्चित मापदण्ड पूरा गरी यस क्षेत्रका राइड शेयरिङ एप्सको निश्चित मापदण्ड पूरा गरी संचालनको अनुमति पाउने भएको प्रदेश सरकारका प्रवक्ता एवं आर्थिक मामिला मन्त्री डा.टकराज गुरुङले बताउनु भयो । उक्त नियमावली राजपत्रमा प्रकासित भएसंगै कार्यान्वयनमा जाने भएको उहाँले बताउनु भयो । उक्त एप्सलाई मान्यता दिएसंगै यात्रुबाट लिएको भाडा शुल्क बावत ३ ठाँउमा बाँडफाड हुने भएको छ । जस्तै यात्रुबाट उक सय रुपैया लिएको अबस्थामा राइडर(चालक) ले ८७ रुपैया, १२ रुपैया आवद्ध कम्पनी र १ रुपैया भने प्रदेश सरकारलाई दिनुपर्ने कानूनि व्यबस्था गरिएको प्रवक्ता डा.गुरुङले जनाउनु भयो ।

उक्त एप्सलाई छिट्टै कार्यान्वयनमा ल्याउने तयारी भएको उहाँले जनाउनु भयो । चालू आर्थिक वर्षको आर्थिक ऐन अनुसार नियमावली बनाइएको प्रवक्ता डा.गुरुङले उल्लेख गर्नुभयो । दुई पाङ्ग्रे सवारीको अनुमति लिँदा सुरुमा २५ हजार र चारपांग्रेको ५० हजार तिर्नुपर्छ पर्छ भने दुईवटै सेवा दिन चाहने व्यक्ति वा कम्पनीले ७० हजार रुपैयाँ शुल्क तिनु पर्छ । नवीकरणका लागि भने अनुमतिको ५० प्रतिशत शुल्क वार्षिक रुपमा तिर्नुपर्ने व्यबस्था गरिएको छ। उक्त राइड शेयरिङ एप्स संचालन गर्दा कम्पनी मार्फत मात्र दर्ता प्रकृया र अनुमति दिने भएको छ । उक्त कम्पनी मार्फत संचालन हुने सवारी साधनहरुको यातायात व्यबस्था कार्यालयबाट समेत एप्सको मार्फत निमयन र अनुगमन हुने भएको छ। यातायात व्यबस्था कार्यालयमा थप सेवा शुल्कको लागि दुई पांगें सवारी साधनले बार्षिक ५ हजार र ४ पांग्रेले भने २० हजार शुल्क तिर्नु पर्छ । नियमावली बमोजिम सेवा प्रयोजन थप नगरी सेवा सञ्चालन गरे पहिलो पटकका लागि दुई पांग्रेलाई ५ हजार र चारपांग्रे सवारीलाई १० हजार जरिवाना हुने व्यबस्था गरिएको छ ।

यस बिषयमा यातायात व्यवसायीहरुले भने घोर आपती जनाएका छन् । नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघ गण्डकी प्रदेशका सचिव योगेन्द्र बहादुर केसीले दलाल पूंजिपति र निश्चित बर्गको लाभको लागि कमिशन हुने गरी उक्त एप्सलाई राज्यले मान्यता दिनु गलत भएको बताउनु भयो । यात्रुलाई केही सुविधा भए पनि सवारी दुर्घटनाको जोखिम भने बढी हुने उहाँको तर्क थियो । अबौं लगानी गरी आपत विपत तथा असार, साउनको भेलमा समेत गाउँ गाउँमा सेवा दिदै आएको आफुहरुको सेवाको बिषयमा अब भने सोच्नु पर्ने समय आएको सचिव केसीले जनाउनु भयो ।

## गण्डकी रेन्बो ट्राउट फार्मबाट बार्षिक २५ टन माछा उत्पादन

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

कास्कीको माछापुच्छ्रे गाउँपालिका–२ भुर्जुङखोलामा संचालन हुँदै आएको गण्डकी ट्राउट फार्ममा बार्षिक रुपमा २५ टन रेन्बो ट्राउट माछा उत्पादन हुने गरेको छ ।

विगत १६ बर्ष अघि देखि संचालन हुदै आएको उक्त फार्ममा पछिल्लो बर्षदेखि बार्षिक रुपमा २५ टन रेन्बो जातको माछा उत्पादन हुने गरेको गण्डकी ट्राउट फार्मका संचालक मध्यका एक लक्षिन गुरुङले बताउनु भयो ।

साना ठुला गरी करिब ६० वटा पोखरी रहेको उक्त फार्ममा यस बर्ष पनि करिब २५ टन रेन्बो ट्राउट माछा उत्पादन हुने भएको उहाँले जनाउनु भयो । पोखराको महेन्द्रपुल देखि करिब १६ किलोमिटर उत्तर पश्चिममा पर्ने उक्त फार्ममा हाल पोखरा सहित कास्की एवं पोखरा भ्रमणमा आउने किसान देखि सेलीब्रिटीसम्म उहाँको फार्ममा पुग्ने र रेन्बो ट्राउट माछाको स्वाद लिने गर्नु भएको छ । आफ्नो उर्जाशिल समय विदेशमा वेतित गरेर स्वदेशमा केही गर्नु पर्छ




भनेर जापानबाट स्वदेश फर्किनु भएको लक्षिन गुरुङ र अमृत गुरुङ (साँढु दाई/भाई) २०६६ साल देखि हालसम्म निरन्तर यस पेशामा आबद्ध हुनुहुन्छ । गण्डकी प्रदेशमै पहिलो पटक व्यबसायीक रुपमा सुरु गर्नु भएको रेन्बो ट्राउट जातको माछा पालन हिजोआज उहाँकै प्रेरणाले गर्दा यस क्षेत्रमा करिब १६ वटा फार्महरु संचालन भएका छन् । करिब ८० रोपनी क्षेत्रफलमा फैलिएको उक्त फार्ममा हाल फुटवल मैदान, विभिन्न पिङ (लिङगे, चम्राले), सुइमिङ पुल, हरियाली पार्क, प्रयाप्त पार्किङ रहेको छ भने त्यहाँबाट हरियाली वन जंगल सहितको दृश्यावलोकन गर्न सकिन्छ ।

उक्त फार्ममा बार्षिक रुपमा ३ लाख रेन्बो ट्राउट माछाका भूरा उत्पादन हुने गरेको छ । फार्ममा उत्पादीत उक्त माछा मध्य ५० प्रतिशत अन्य फार्महरुले लैजाने गरेको संचालक अमृत गुरुङले बताउनु भयो । उक्त फार्ममा आगन्तुक पाहुनालाई स्वागत गर्न हाल १० वटा रुमहरु समेत संचालनमा रहेका छन् । एकै रातमा ३० जनालाई व्यबस्थापन गर्न सकिने उक्त फार्ममा रहेको रुमको शुल्क भने एक हजार मात्र रहेको छ । चिसो पानीमा हुने रेन्बो ट्राउट माछाको १३ प्रकारको स्वाद दिने गरेको उक्त फार्ममा संचालन भएको रेष्टुरेण्टमा खाना तथा खाजा खानेहरुमा सार्वजनिक बिदाको दिनमा भने एक सय जना भन्दा बढीको सहभागिता हुने गरेको छ । प्राकृतिक सौन्दर्यतामा रमाउन चहानेहरुको लागि एक दिनको राम्रो गन्तव्य नै बनेको छ गण्डकी ट्राउट फार्म । संचार माध्यम र ग्राहककै कारण आज आफुहरुलाई यस पेशामा आकर्षण गराएको अमृत गुरुङले सुनाउनु भयो । अब आफुहरुले यस फार्ममा रेन्बो ट्राउटको माछा सम्बन्धि कक्षा संचालन हुने गरी माछा पालन गर्न चाहने किसानहरुको लागि सहजीकरण गर्न खोजेको बताउनु भयो । मानव स्वास्थ्यको लागि समेत निकै लाभदायीक मानिने रेन्बो ट्राउट माछाको माग अत्याधिक भएकोले आफुहरुले केही फार्महरुसंग खरिद गर्दै सुकुटी समेत बनाउर विदेशमा समेत पठाउने गरेको अमृत गुरुङले जनाउनु भयो ।

रेन्बो ट्राउटको माछा प्रतिकेजी १ हजार २ सय पर्छ भने सुकुटी बनाएको माछाको भने ६ हजार पर्छ । उमेरले ६५/६४ बर्ष पुग्नु भएको दुई साँढु दाजु, भाईले आफ्नो व्यवसायलाई पुस्तान्तरण गर्न समेत सुरु गर्नु भएको छ । लक्षिनका एक छोरा सुवास गुरुङले अष्ट्रेलियामा ग्राजुयट गरेर स्वदेश फर्किदै आफ्ना बाबुले संचालन गरेको उक्त फार्ममा रेखदेख गर्दै आउनु भएको छ । अमृतकी छोरी भने हाल सि.ए.अध्ययनरत हुनुहुन्छ ।

## आवधिक योजनाका आधारमा बजेट ल्याइने

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा कृषि, पर्यटन र स्वास्थ्यलाई प्राथमिकता दिने भएको छ । प्रदेशको दोस्रो पञ्चवर्षीय योजनालाई आधार बनाएर बजेट निर्माण हुने प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले बताउनुभयो ।

"कृषि, पर्यटन, स्वास्थ्यलगायत सामाजिक विकासका क्षेत्रलाई बजेटले प्राथमिकताकासाथ समेट्छ", उहाँले भन्नुभयो, "योजना आयोगले मन्त्रालयहरुलाई सोही अनुसारको सुझावसहित बजेट सिलिङ तोकेको छ ।"

प्रदेश स्रोत अनुमान समितिले आगामी आवका लागि रु. २९ अर्ब ५० करोड बराबरको बजेट बनाउन सरकारलाई सिफारिस गरेको उक्त समितिका संयोजकसमेत रहनुभएका डा देवकोटाले जानकारी दिनुभयो । "मन्त्रालयगत रुपमा बजेटको सिलिङ तोकेर पठाएका छौं, अर्थ मन्त्रालयलगायत अन्य विषयगत मन्त्रालय बजेट निर्माणको तयारीमा जुटेका छन्", उहाँले भन्नुभयो, "चालु आवको भन्दा आगामी आवको बजेटको आकार घट्ने अनुमान गरिएको छ ।" प्रदेश सरकारले चालु आवका लागि रु ३२ अर्ब ९७ करोडको बजेट ल्याएको थियो । आगामी आवमा झण्डै तीन अर्बले बजेट खुम्चने देखिएको हो । समानीकरण अनुदानमा भएको कटौती र राजस्व कम उठ्दा बजेट घट्ने भएको हो । "सङ्घ सरकारको बजेट कसरी आउँछ त्यसले पनि प्रदेशको बजेट आकारमा घटबढ हुनसक्छ,", उपाध्यक्ष डा देवकोटाले भन्नुभयो, "गण्डकी प्रदेशको अहिलेको अवस्था हेर्दा बजेटको आकार घट्छ ।"

उहाँले प्रदेश सरकारको आगामी नीति, कार्यक्रम र बजेटमा नीतिगत सुधारका विषयलाई बढी जोड दिन खोजिएको उल्लेख गर्नुभयो ।

आर्थिक मामिला मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाका प्रमुख डिल्लीराम रिजालले बजेट

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा इलेक्ट्रिक माइक्रो बस (इभि) दुर्घटना हुदाँ ३ को मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

पोखरा ३२ लामेआहालमा बुधबार इलेक्ट्रिक माइक्रो बस (इभि) दुर्घटना हुदाँ एक वालक सहित ३ जनाको मृत्यु भएको छ।

धार्दिङदेखि पोखरा आउदै गरेको ग १ ज ८६३० नम्बरको इभि गाडी बुधबार करिब ३:३० बजे दुर्घटना हुँदा ३ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । धार्दिङ निलकण्ठ २ भुलभुलेका १५ बर्षिय बालक आगम गुरुङ, पोखरा २५ हेमजाकी ५१ बर्षीया झाङमाया गुरुङ र धार्दिङ खरीकी ४५ बर्षीया तिलकुमारी आचार्यको उक्त गाडी दुर्घटनामा परि मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी डिएसपी हरि बहादुर बस्नेतले बताउनुभयो ।

चालक पोखरा १४ का ४६ बर्षीय रमेश ढुंगना समेत घाइते हुनु भएको छ । उक्त दुर्घटनामा परी १ जना गम्भिर घाइते हुनु भएको छ भने अन्य ४ जनाको उपचार भईरहेको जिल्ला ट्राफिक कार्यालय कास्कीका प्रमुख (प्रहरी निरिक्षक) शोभा पाण्डेले बताउनुभयो । उहाँका अनुसार घाइतेको परिचय खुलेको छैन् । चालकले आफ्नो नियन्त्रण



गुमाउदा पृथ्बीराजमार्गको सडकदेखि करिब ३५ मिटर तल्लो झाडी तथा बारीमा गाडी हुत्तिएको स्थानीयले बताउनुभयो । उक्त गाडी भने कुच्चीएको अबस्थामा रहेको छ । उक्त गाडीमा चालक सहित ११ जना सवार हुनु भएको थियो । ३ जनाको भने डिस्चार्ज भएको प्रहरीले जनाएको छ ।

यसैबिच, बुधबार पोखरा २२ पुम्दी भुम्दीमा भएको बस दुर्घटनामा परी दुई जना भारतिय पर्यटक गम्भिर घाइते हुनु भएको छ । घाइते हुनेहरुमा छत्तीसगढकी ६५ बर्षीया रेखा साहु र ६१ बर्षीय कोमलराम साहु रहेको प्रहरीले जनाएको छ ।

अन्य घाइतेहरुको अबस्थामा मध्यम त केहीको सामान्य रहेको सूचना अधिकारी बस्नेतले जनाउनुभयो । उक्त बसमा २८ जना सवार हुनु भएको प्रहरीले जनाएको छ । पोखरा २२ को विश्व शान्ति स्तुपा नजिकैको सडकमा बुधबार दिउँसो ग १ ख ३८८६ नम्बरको माइक्रो बस पल्टदा २ जना गम्भिर घाइते हुनु भएको स्थानिय राजु क्षेत्रीले बताउनुभयो । भारतीय पर्यटक पुम्दीकोट बिशाल महादेवको मुर्ति अवलोकन गरी पोखराको बजार फर्किने वेलामा उक्त बस दुर्घटनामा परेको थियो । सडक साँघुरो र भिरालो भएकोले उक्त बस भित्तामा घिसारिएर पल्टन पुग्दा अझ ठुलो मानविय क्षति हुनबाट बचेको स्थानीयले बताउनुभयो ।


## बेरूजु निरन्तर बढ्दो, राजस्व छुटको तथ्याङ्क संसद्मा पेस गरेर पारदर्शिता कायम गर्न सुझाव

**रासस**
काठमाडौं, ३१ बैशाख

महालेखापरीक्षकको ६२औं वार्षिक प्रतिवेदन २०८२ सार्वजनिक भएको छ । तीनवटै तहका सरकार र तिनको मातहतमा रहेका सार्वजनिक निकाय तथा सङ्गठित संस्थाको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षणबाट देखिएको बेरूजुको स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति तथा भविष्यमा गर्नुपर्ने सुधारलगायतका विषय समेटेर प्रतिवेदन सार्वजनिक गरिएको हो ।

महालेखापरीक्षक तोयम रायाले आजै उक्त प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुभएको थियो। महालेखापरीक्षकको

बाँकी अन्तिम पृष्ठमा ▶▶



# युवालाई आत्मनिर्भर बनाउने योजनामा कुनै कसर बाँकी राखिँदैन : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले युवालाई आत्मनिर्भर बनाउने योजनामा कुनै कसर बाँकी नराख्ने बताएका छन् ।

दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना दोस्रो र युवाका लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा तालिम परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयको आयोजनामा भएको परियोजना निर्देशन समितिको संयुक्त बैठकमा उनले यस्तो बताएका हुन् । "युवाहरूलाई लक्षित गर्दै सञ्चालित यी परियोजनाहरूले सीप, दक्षता र रोजगार सुनिश्चितततामा उल्लेखनीय प्रभाव पार्नेछन् । प्रदेश सरकारले दिगो भविष्य निर्माणका लागि यस्ता योजनाहरूलाई प्राथमिकतामा राखेको छ ।", उनले भने । मन्त्री थापाले गुणस्तरीय प्राविधिक तालिम र सीप विकास कार्यक्रमले वैदेशिक रोजगारीमा जाने, स्वरोजगारको सम्भावना खोज्ने तथा उद्यमशील बन्न चाहने युवाहरूलाई थप



बलियो बनाउने विश्वास व्यक्त गरे । उनले यस्ता परियोजनाहरुले प्रदेशमा सीप विकास, शैक्षिक गुणस्तर वृद्धि, रोजगारी सृजना जस्ता क्षेत्रमा महत्वपूर्ण सुधार ल्याउने बताए । विशेषत युवाहरु, महिला, विपन्न तथा पुनः स्थापित श्रमिकहरुको जीवनमा प्रत्यक्ष प्रभाव पर्न थालेको उनले उल्लेख गरे । मन्त्री थापाले मन्त्रालयले स्विजरल्याण्ड सरकारको सहकार्यमा शिक्षा क्षेत्रका तीन महत्वपूर्ण प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम (टिभिईटी) परियोजनाहरु कार्यान्वयन गर्दै आएको जानकारी गराए । उनले सरकारले रोजगारीमुखी प्राविधिक तथा व्यवसायिक शिक्षा, औद्योगिक प्रशिक्षार्थी तालिम, सीप परिक्षण तथा राष्ट्रिय व्यवसायिक योग्यता प्रणाली, स्तर निर्धारण एवम् प्रशिक्षक अनुमति पत्र आदिको कार्यान्वयन मार्फत समृद्ध प्रदेश निर्माणको संकल्प लिएको बताए । सामाजिक समावेशितालाई ध्यान दिँदै पहुँचबाट वञ्चित समुदायका लागि प्राविधिक शिक्षाका लागि छात्रवृति लगायत आवासीय तालिम कार्यक्रम संचालन गर्ने भनाई उनको छ । स्विस विकास सहकार्य (एसडीसी) का प्रमुख माथिएस मेयरले युवाको वृतिविकासमा गण्डकी प्रदेश सरकारले गरेको कामको प्रशंसा गरे । उनले नीजि क्षेत्र सँग मिलेर साझेदारी मोडलमा गरेको कामलाई उदाहरणका रुपमा लिएका छन् । उनले मानवसंसाधनको विकासमा स्विस सरकार साथमा रहेको समेत प्रतिबद्धता जनाएका छन् ।

मन्त्रालयका सचिव नवराज ढकालले प्राविधिक र व्यवसायिक शिक्षनलाई बढाउनुपर्ने आवश्यकता रहेको उल्लेख गरे । स्विस सरकारलाई निरन्तर सहयोग गरिराख्न उनको अनुरोध छ । स्थानीय तहसँग समन्वय गर्दै मन्त्रालयले आफ्ना काम, कर्तव्य र अधिकारलाई अगाडि बढाउँदै लगेको बताए ।

कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य संघ गण्डकीका संस्थापक अध्यक्ष संजीव कोइरालाले स्विस सरकारले दिएको सहयोगलाई आम मजदुर हरुको सीप परिक्षणका लागि खर्च गर्नुपर्ने आवश्यकतालाई औंल्याए । गोरखा नगरपालिकाका प्रमुख कृष्ण बहादुर रानामगरले प्राविधिक सीपयुक्त शिक्षालाई स्थानीय तहमा प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने बताए । जैमिनी नगरपालिका बाग्लुङका उपप्रमुख हरिहर शर्मा लगायतले बोलेको कार्यक्रममा मन्त्रालयका महाशाखा प्रमुख तोयानाथ लम्सालले परियोजनाको प्रगतिका विषयमा जानकारी गराएका थिए ।

# बीमा प्राधिकरणको रक्तदानमा ८४ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

नेपाल बीमा प्राधिकरणको ५७ औं वार्षिकोत्सव तथा बीमा दिवसको अवसरमा आयोजित बृहत रक्तदान कार्यक्रममा ८४ युनिट रगत संकलन भएको छ ।

बुधबार प्राधिकरणको गण्डकी प्रदेश कार्यलय पोखराको आयोजनामा भएको कार्यक्रममा रक्तदाता केदारनाथ अधिकारीलाई नेपाल रेडक्रस सोसाईटी कास्की शाखाकी सभापती उर्मिला खड्काले बल्ड ब्याग हस्तान्तरण गरि कार्यक्रमको उदघाटन गरिएको प्राधिकरणका गण्डकी प्रदेश प्रमुख शम्भु प्रसाद मिश्रले जानकारी दिए ।

'रक्तदान जिबनदान' भन्ने मुल नाराका साथ आयोजना भएको कार्यक्रमा बोल्दै नेपाल रेडक्रस सोसाईटी कास्की शाखाकी सभापती उर्मिला खड्काले रक्तदानको महत्वमाथि प्रकाश पार्दै रक्तदान किन र कसले गर्ने भन्ने बारेमा धारणा राखेकि थिइन् । नेपाल बीमा प्राधिकरण गण्डकी प्रदेशका प्रमुख शम्भु प्रसाद मिश्रको अध्यक्षतामा कार्यक्रम भएको हो । उक्त



अवसरमा बोल्दै मिश्रले रक्तदान जीवन दान भएकाले रक्तदान गरि पुण्य कमाउन सकिने विश्वास व्यक्त गरे । कार्यक्रममा पेशागत बीमा अभिकर्ता संघ केन्द्रीय अध्यक्ष केदारनाथ अधिकारी,निप्स च्यापटरका अध्यक्ष बद्रिनाथ पौडेल,सर्भेयर एसोसियसन पोखरा च्यापटरका संयोजक बुद्धिराज अधिकारीले बीमा प्राधिकरणले गरेका गतिविधिको प्रशंसा गर्दै वार्षिकोत्सवको सफलताको शुभकामना व्यक्त गरे । कार्यक्रममा जीवन, लघु तथा निर्जीवन बीमाका कर्मचारी, बीमा अभिकर्ता, सर्भेयर लगायत सर्वसाधारणको समेत उल्लेख्य उपस्थिति थियो । कार्यक्रमको संञ्चालन नेपाल बीमा प्राधिकरणका सहायक प्रथम बलराम लामिछानेले गरेका थिए । प्राधिकरणले ५७ औं बार्षिक उत्सवको अवसर पारेर बैशाख २६ गते मानव आश्रममा भोजन बितरण, २९ गते फुटसल प्रतियोगिता,३० गते जिल्ला ट्राफिक कार्यलय कास्कीको समन्वयमा सावजनिक यातायातमा स्टिकर टासेर बिमा सचेतना कार्यक्रम सम्पन्न गरिसेको छ भने जेठ १ गते प्रभातफेरी र शुभकामना आदान प्रदान तथा समिक्षात्मक कार्यक्रम गरिने जनाएको छ ।

# बेरुजु निरन्तर ...

६२औं प्रतिवेदनअनुसार सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरूजु रू सात खर्ब ३३ अर्ब १९ करोड नौ लाख बराबर छ । अद्यावधिक बेरूजु गत वर्षकोभन्दा ९ दशमलव ४५ प्रतिशतले बढेको छ । त्यस्तै, अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋणको कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम रू पाँच खर्ब ५१ अर्ब एक करोड गरी कूल रू १२ खर्ब ८४ अर्ब २० करोड बराबर पुगेको हो । यसरी हालसम्मको कूल बेरूजु रू १२ खर्ब ८४ अर्ब २० करोड नाँघेको छ । प्रतिवेदनअनुसार पछिल्लो एक वर्ष अर्थात् आर्थिक वर्ष २०८०/८१ मा मात्रै रू ९१ अर्ब ५९ करोड ७९ लाख बराबर बेरूजु थपिएको छ ।

यो वर्ष सङ्घीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थासमेतको रू ९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण सम्पन्न भएको महालेखापरीक्षकको कार्यालयले जनाएको छ । लेखापरीक्षणबाट विभिन्न सैद्धान्तिक बेरूजुका अतिरिक्त रू ९१ अर्ब ६० करोड लगती बेरूजु देखिएको छ । सोमध्ये तीन हजार ९३ सङ्घीय सरकारी कार्यालयको रू ३१ खर्ब छ अर्ब १६ करोड लेखापरीक्षणबाट रू ४७ अर्ब ७४ करोड अर्थात् एक दशमलव ५४ प्रतिशत बेरूजु देखिएको छ ।

प्रदेशतर्फ एक हजार १६५ कार्यालयको रू तीन खर्ब आठ अर्ब ५६ करोडको लेखापरीक्षणबाट रू चार अर्ब २० करोड अर्थात् एक दशमलव ३६ प्रतिशत देखिएको छ । त्यसैगरी स्थानीय तहतर्फ यस वर्षको ७५३ र बक्यौता आठसमेत कूल ७६१ को रू ११ खर्ब १८ अर्ब ४६ करोडको लेखापरीक्षणबाट रू २५ अर्ब ३२ करोड अर्थात् दुई दशमलव २६ प्रतिशत बेरूजु देखिएको छ । समिति र अन्य संस्थातर्फ ६९५ निकायको रू पाँच खर्ब २२ अर्ब १३ करोडको लेखापरीक्षण भएकामा रू १४ अर्ब ३३ करोड बेरूजु कायम भएको छ । त्यसैगरी, ४३ सङ्गठित संस्थाको ४५ आय वर्षको रू ४४ खर्ब सात अर्ब पाँच करोडको लेखापरीक्षण गरिएको छ । सोको अतिरिक्त ४२ सङ्गठित संस्थाको लेखापरीक्षणका लागि परामर्श उपलब्ध गराएबमोजिम रू १५ खर्ब ७७ अर्ब ४९ करोडको लेखापरीक्षण भएको महालेखाले जनाएको छ । वित्तीय लेखापरीक्षणको अतिरिक्त ११ विषयको कार्यमूलक, एक विषयको वातावरणीय, एक विषयको सूचना प्रविधि र दुई विषयको विशेष लेखापरीक्षण गरिएको जनाइएको छ । अघिल्लो आर्थिक वर्ष २०७९/८० वर्षसम्मको बाँकी बेरूजु रू छ खर्ब ६९ अर्ब ८६ करोड रहेकोमा समायोजन तथा फछ्र्यौट गरिएको अङ्क घटाई यो वर्षको थपसमेत रू सात खर्ब ३३ अर्ब १९ करोड बेरूजु बाँकी रहेको छ । त्यस्तै लेखापरीक्षणका क्रममा तथा सम्परीक्षणबाट यो वर्ष रू १४ अर्ब ४८ करोड असुल भएको महालेखाले जनाएको छ । कारबाही गरी टुङ्गो लगाउनुपर्ने रू पाँच खर्ब ५१ अर्ब दुई करोड रहेकोमध्ये राजस्व बक्यौता रू चार खर्ब ७२ अर्ब ३५ करोड, शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान रू छ अर्ब २५ करोड, शोधभर्ना लिन बाँकी वैदेशिक ऋण रू १४ अर्ब ३३ करोड, जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज रू ४९ अर्ब ३७ करोड र लेखापरीक्षण बक्यौता रू आठ अर्ब ७१ करोड रहेको छ । प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा एक दशमलव ३६ प्रतिशत बेरूजु कायम भएकामा सबैभन्दा बढी मधेस प्रदेशको दुई दशमलव ५७ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशको शून्य दशमलव ८२ प्रतिशत रहेको छ । स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा दुई दशमलव २६ प्रतिशत बेरूजु कायम भएको छ । यो वर्षको लेखापरीक्षणबाट पाँच प्रतिशतभन्दा कम बेरूजु हुने स्थानीय तह ६९२ वटा रहेका छन् । त्यस्तै, पाँचदेखि १५ प्रतिशतसम्म बेरूजु हुने ६८ र १५ प्रतिशतभन्दा बढी बेरूजु हुने एक स्थानीय तह रहेको छ ।

त्यस्तै, यो वर्ष तीन हजार ९३ सङ्घीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकामा एक हजार १०५ कार्यालय अर्थात् ३५ दशमलव ७३ प्रतिशतमा उल्लेख्य बेरूजु नदेखिएको प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी प्रदेश सरकारी कार्यालयतर्फ एक हजार १६५ निकायको लेखापरीक्षण गरेकोमा ३२३ कार्यालय अर्थात् २८ दशमलव ५८ प्रतिशतमा उल्लेख्य बेरूजु देखिएन । सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट रू १४ अर्ब ४८ करोड ४१ लाख असुल गराएको पनि महालेखाको प्रतिवेदनमा उल्लेख छ । अर्थ मन्त्रालयले विभिन्न शीर्षकमा दिँदै आएको राजस्व छुटमा महालेखाले प्रश्न उठाएको छ । "भन्सार विभागको तथ्याङ्क प्रणाली (आसिकुडा) को तथ्याङ्कअनुसार २०८०/८१ मा भन्सार राजस्वतर्फ रू ७९ अर्ब ८७ करोड ३९ लाख छुट दिएको देखिन्छ ।

आर्थिक ऐनबाट आन्तरिक राजस्वतर्फसमेत छुट दिएकामा सोको अभिलेख मन्त्रालय र आन्तरिक राजस्व विभागले राखेका छैनन्", प्रतिवेदनमा भनिएको छ । साफ्टा सुविधाअन्तर्गत मालवस्तु पैठारी गर्दा भन्सार महसुल रू चार अर्ब ८७ करोड ९९ लाख र मूल्य अभिवृद्धि करसमेत छुट भएको देखिएको महालेखाले उल्लेख गरेको छ । "अर्थ मन्त्रालयले २०८० फागुन मसान्तसम्म विभिन्न मन्त्रालय, विभाग, स्थानीय तह, संस्थानसमेतको रू ३४ अर्ब २७ करोड ५२ लाख पैठारी मूल्यमा रू छ अर्ब ६० करोड ९९ लाखसमेत विगत चार वर्षमा रू २० अर्ब ६२ करोड ६९ लाख राजस्व छुट दिएको छ । वैदेशिक ऋण वा अनुदानमा सञ्चालित आयोजनाका लागि आयोजना विकास सम्झौताको सर्तको अधीनमा रही रू ४३ अर्ब ५६ करोड ४८ लाख ३० हजार पैठारी मूल्यका मालवस्तुमा रू सात अर्ब ५२ करोड ९८ लाख ८५ हजार राजस्व छुट दिएको देखिन्छ", महालेखाको प्रतिवेदनमा भनिएको छ, "यसरी सुविधामा पैठारी हुने सामग्री तथा उपकरणमा लाग्ने राजस्व छुट दिएको वस्तु तथा रकमको अद्यावधिक अभिलेख अर्थ मन्त्रालयले राखेको छैन ।"

# मुग्लिन पोखरा सडक: पूर्वी खण्डमा असारभित्रै कालोपत्र सकिने

**पोखरापत्र संवाददाता**
दमौली, ३१ बैशाख

मुग्लिन पोखरा सडक विस्तारअन्तर्गत तनहुँको पूर्वी खण्डमा असार महिनाभित्रै कालोपत्र सक्ने तयारी साथ काम भइरहेको छ ।

आँबुखैरेनीदेखि जामुनेसम्मको ४१ दशमलव ४५ किलोमिटर दूरीमध्ये अब करिब तीन किलोमिटर मात्रै कालोपत्र गर्न बाँकी रहेको मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) ले जनाएको छ । यो खण्डको म्याद तेस्रो पटक थपिएकामा आगामी २९ गतेसम्म रहेकामा त्यसअवधिभित्रै काम सम्पन्न गरिने आयोजनाका इञ्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । पाण्डेका अनुसार व्यास नगरपालिकाको दमौली बजारको एक किलोमिटर ८०० मिटर, बन्दीपुर गाउँपालिकास्थित डुम्रे बजार नजिक ३०० मिटर र सोही गाउँपालिकाको विमलनगरमा ७०० मिटर खण्डमात्रै कालोपत्र गर्न बाँकी छ ।



दमौली बजारअन्तर्गत बागबजार र मुख्यचोकमा एकतर्फी कालोपत्र भइसकेको छ । अर्कोतर्फ कालोपत्रका लागि पूर्वतयारीका काम जारी छ । त्यस क्षेत्रमा कालोपत्रका लागि काम भइरहेको छ । पूर्वी खण्डका कालोपत्र सकिएका ठाउँमा सडक मार्किङ गर्ने काम पनि भइरहेको छ । पाण्डले भन्नुभयो, "तेस्रो पटक थप भएको म्यादभित्रै बाँकी काम सम्पन्न गर्नेगरी कामलाई तीव्रता दिइएको छ ।" पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ । विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा लागेको छ ।

त्यस्तै पश्चिम खण्डअन्तर्गत जामुनेदेखि पोखरासम्मको खण्डको प्रगति ५२ प्रतिशत पुगेको छ । यो खण्डका लागि विसं २०७८ जेठ ३ गते सम्झौता भएको थियो । यो खण्डको ठेक्का एनहुई केयुएन हाइवे एन्ड ब्रिजले रु सात अर्ब ४० करोडमा पाएको थियो ।

# आवधिक ...

निर्माणको तयारी अगाडि बढेको बताउनुभयो । बजेट तर्जुमा र समन्वयका विषयमा स्थानीय तहहरुसँग पूर्वतयारी छलफल भइरहेको उहाँको भनाइ छ ।

निजी क्षेत्रका उद्योगी, व्यवसायी र अर्थ विज्ञहरुसँग पनि बजेट निर्माणबारे छलफल गरिएको उहाँले बताउनुभयो । आर्थिक मामिला मन्त्रालयले बिहीबारदेखि विषयगतमन्त्रालयहरुसँगछलफल गर्दैछ । बजेट निर्माणको प्रक्रियालाई सहभागितामूलक बनाउन मन्त्रालयले बजेट पूर्वतयारी छलफल गरेको हो । प्रदेश सरकारले आगामी असार १ गते बजेट ल्याउनुपर्ने संवैधानिक व्यवस्था छ ।

**Vacancy for Montessori Teacher**

**No. of Vacancy : 2**
**Salary : Negotiable**
**Specification:**
- Education : Intermediate or above
- Experience : at least one year
- Should be child friendly throughout the tenure
- Should have Montessori or equivalent training

**Interested candidate is request to contact**
Contact No. : 9846777708/9846562203
**NEPA KIDS MONTESSORI**
Banjhapatan, Pokhara-13




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# आर्थिक अराजकता बढ्दैछ

वित्तीय अनुशासनमा नेपाल अझै कमजोर अवस्थामा रहेको देखिएको छ । महालेखा परीक्षकको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदनले सरकारी निकायको बेरुजू ७ खर्ब ३३ अर्ब रुपैयाँ पुगेको देखाए ।महालेखा परीक्षकको कार्यालयले तयार पारेको ६२ औं वार्षिक प्रतिवेदनमा कुल बेरुजू ७ खर्ब ३३ अर्ब पुगेको महालेखा परीक्षक कार्यालयले जनाएको छ ।६१औं प्रतिवेदनमा ६ खर्ब ६९ अर्ब ८६ करोड बेरुजू कायम भएको थियो ।

महालेखा परीक्षक तोयम रायाले बुधबार राष्ट्रपति रामचन्द्र पौडेललाई प्रतिवेदन बुझाएका छन् । सरकारी कारोबारमा हरेक वर्ष बेरुजू बढ्दै जानु सुशासनका लागि चुनौतीपूर्ण अवस्था हो,। सुशासन कायम गराउन सरकारी कोष सञ्चालन गर्ने सम्बद्ध सबै पदाधिकारीलाई थप जिम्मेवार र जवाफदेही बनाउने सन्दर्भमा महालेखा परीक्षकको भूमिका महत्त्वपूर्ण हुन्छ । आव २०८०/०८१ मा २ खर्ब ५६ अर्ब ४१ करोड रूपैयाँ रकमान्तर गरिएको पाइएको छ । महालेखा परीक्षकको ६२ औं वार्षिक प्रतिवेदन अनुसार कूल बजेट १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रहेकोमा २ खर्ब ५६ अर्ब ४१ करोड ३ लाख (१४.६४ प्रतिशत) रकमान्तर भएको छ ।

२०८१ को असार महिनामा २६ अर्ब ९० करोड ३४ लाख र असार अन्तिम हप्तामा १५ अर्ब ९८ करोड ३० लाख रकमान्तर गरी विभिन्न शीर्षक उप-शीर्षकमा रकम थपघट गरेको प्रतिवेदनमा उल्लेख छ । 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३२ मा पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म रकमान्तर गर्न नपाइने व्यवस्था रहेकोमा उक्त वर्ष पहिलो त्रैमासिक अवधिमा ११ अर्ब ६४ करोड ७ लाख रूपैयाँ (कूल रकमान्तरको ४.५४ प्रतिशत) रकमान्तर भएको छ,' प्रतिवेदनमा छ । शुरू बजेटमा व्यवस्था नभएका २३ कार्यक्रममा रकमान्तरबाट थप गरी ११ अर्ब ७५ करोड ९८ लाख रूपैयाँ बजेट कायम गरिएको प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी, बजेट वक्तव्यमा राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेट राष्ट्रिय गौरवका आयोजनाबाहेक अन्यत्र रकमान्तर गर्न नपाइने उल्लेख भएकोमा ८ राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेटबाट ५ अर्ब २८ करोड ५० लाख रूपैयाँ राष्ट्रिय गौरव बाहेकका अन्य आयोजनामा रकमान्तर गरिएको प्रतिवेदनमा उल्लेख छ ।आर्थिक अराजकता झन बढ्दै गएको छास्थानीय सरकारका काम कार्वाही बेथिति देखिनु आर्थिक अनुशासन पालना नहुनु र सुशासनका लागि चुनौती हो ।

स्थानीय तहहरूले ऐनविपरीत पदाधिकारीको अतिरिक्त सुविधामा १४ करोड ६ लाखभन्दा बढी रकम खर्च गरेको पाइएको छ । महालेखा परीक्षकको ६२औं वार्षिक प्रतिवेदनले चाडपर्व खर्च, पोशाक भत्ता, यातायात खर्च र इन्धनलगायतमा स्थानीय तहहरूले ऐनविपरीत १४ करोड ६ लाख १२ हजार रुपैयाँ खर्च गरेको देखाएको हो । प्रदेश सभाले जारी गरेका कानूनअनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले मासिक सुविधा मात्र पाउने व्यवस्था छ । तर, १३ स्थानीय तहले पदाधिकारीलाई ऐनमा नरहेको चाडपर्व खर्चबापत १३ लाख ९६ हजार रुपैयाँ वितरण गरेका छन् । त्यसैगरी, २८ स्थानीय तहले पोशाक सुविधाका नाममा १ करोड २८ लाख ३५ हजार खर्च गरेका छन् । ७७ स्थानीय तहले यातायात खर्चबापत ऐनभन्दा बढी ५ करोड ७ लाख ९५ हजार खर्च गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । ५३ स्थानीय तहले इन्धनमा ३ करोड ५७ लाख ६७ हजार रुपैयाँ बढी तिरेका छन् ।

विविध शीर्षकमा १६ स्थानीय तहले १ करोड ४५ लाख ६८ हजार खर्च गरेका छन् भने ७३ स्थानीय तहले भान्से, घरभाडा, अतिथि सत्कारलगायत नियमले नपाउने सुविधा शीर्षकमा २ करोड ५२ लाख ४१ हजार रुपैयाँ वितरण गरेका छन् । आव २०८०/०८१ मा ७५३ स्थानीय तहको ११ खर्ब ७ अर्ब ८१ करोड ९७ लाख बराबरको लेखापरीक्षण सम्पन्न भएको थियो । त्यसमा २७ अर्ब ७० करोड ९२ लाख रुपैयाँ बराबरको बेरुजु देखिएको छ । प्रारम्भिक प्रतिवेदनपछि २ अर्ब ९९ करोड ३० लाख फर्स्यौट भए पनि अझै २४ अर्ब ७१ करोड ६२ लाख रुपैयाँ फर्स्यौट हुन बाँकी रहेको प्रतिवेदनमा उल्लेख छ । बेरुजुमध्ये ३ अर्ब ४२ करोड ९१ लाख असुल गर्नुपर्ने, १८ अर्ब ९५ करोड ५२ लाख नियमित गर्नुपर्ने र २ अर्ब ३३ करोड १९ लाख म्याद नाघेको पेस्की रहेको छ ।

यसै वर्ष लेखापरीक्षणको प्रभावमा परेर ४९६ स्थानीय तहबाट ५३ करोड ९१ लाख र प्रारम्भिक प्रतिवेदनपछि ४९२ तहबाट ४७ करोड २१ लाख गरी १ अर्ब १ करोड १२ लाख असुल भएको छ । यसका अतिरिक्त, विगत वर्षहरूको बेरुजु फर्स्यौट गर्दा ५२८ स्थानीय तहबाट ७६ करोड ३१ लाख असुल गरिएको छ । यसरी, चालु आवमा मात्र स्थानीय तहतर्फ कुल १ अर्ब ७७ करोड ४३ लाख रुपैयाँ असुली भएको प्रतिवेदनले देखाएको छ । सार्वजनिक खरिद प्रणालीमा देखिएको अव्यवस्थालाई समाधान गर्न महालेखा परीक्षकको कार्यालयले बुँदागत रूपमा ८ वटा सुझाव दिएको छ । आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदनमार्फत महालेखा परीक्षकको कार्यालयले खरिद प्रक्रियामा पारदर्शिता, जवाफदेहिता र मूल्य यथार्थता कायम गर्न ऐन संशोधनदेखि कर्मचारी जिम्मेवारीसम्मका सुझाव दिएको छ । 'डिजाइन एन्ड बिल्ड' विधिबाट हुने खरिद सम्झौतामा मूल्य समायोजनको व्यवस्था कानूनमै स्पष्ट गर्नुपर्ने उल्लेख छ । त्यस्तै, प्रतिस्पर्धा नगरी वार्षिक मर्मत सम्भार सम्झौता गर्नुपर्ने सेवा खरिदमा खरिदकै बेला त्यसको स्पष्ट जानकारी राखी प्रतिस्पर्धा गराइनुपर्ने सिफारिस गरिएको छ ।

२०८१ असार मसान्तसम्ममा सहुलियतपूर्ण ऋणको बक्यौता रकम १ खर्ब २६ अर्ब ८२ लाख पुगेको छ । तर कर्जा प्रवाह, असुली तथा अनुदानको प्रभावकारिता बारे सरकारी निकाय स्वयं अनभिज्ञ देखिएको महालेखा परीक्षकको ठहर छ । प्रतिवेदनमा भनिएको छ, 'बैंकहरूले सहुलियतपूर्ण कर्जा, सोको लागि प्रदान गरिएको ब्याज अनुदानलगायतका विवरणहरू स्पष्ट रूपमा तयार पारेका छैनन् । पारदर्शी ढंगले विवरण तयार गरी कर्जा असुलीसमेत प्रभावकारी बनाउनुपर्छ ।' सरकारले युवाहरूलाई स्वरोजगार, कृषिमा लगानी, उद्यमशीलता प्रवर्द्धन तथा आयआर्जन अभिवृद्धिका लागि सहुलियतपूर्ण कर्जा कार्यक्रम ल्याएको भए पनि यसको कार्यान्वयन प्रभावकारी नदेखिएको आलोचना हुँदै आएको छ । वन क्षेत्र अन्य प्रयोजनका लागि लिएका १२ संस्थाले १ अर्ब ४५ करोड ३६ लाख रूपैयाँ सरकारलाई बुझाएका छैनन् । उक्त रकम असुल गर्नुपर्दछ,' महालेखाको वार्षिक प्रतिवेदनमा उल्लेख छ । बेरुजु फर्स्यौट गर्न र असुल उपर गर्न जिम्मेवारीमा रहेकाहरूलाई जवाफदेही बनाउन नसके बेरुजु झन बढेर जानेछ ।

# गौशालाका लागि १७ रोपनी जग्गा प्रदान

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३१ बैशाख

बेनी नगरपालिका-२ मा गौशाला सञ्चालनका लागि स्थानीय दीपक मल्लले १७ रोपनी १४ आना जग्गा प्रदान गर्नुभएको छ ।

गौशाला सञ्चालन, आयुर्वेद अनुसन्धान केन्द्र स्थापना तथा गिरिराजको मूर्ति निर्माण गर्ने उद्देश्यले वैशाख १५ देखि ३० गतेसम्म यहाँ सञ्चालन भएको महायज्ञमा जग्गाबाहेक नगद रु एक करोड पाँच लाख सङ्कलन भएको आर्थिक सङ्कलन उपसमितिका संयोजक हिराबहादुर थापाले राससलाई बताउनुभयो । बेनी नगरपालिका र वडा नं २ का जनप्रतिनिधिले गौस्वाराको पूर्वाधार निर्माणमा रु १५ लाख विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ भने ३८ फिट अग्लो गोवर्द्धन पर्वत आगामी छ महिनाभित्र पूरा गर्नेगरी निर्माण थालिएको छ ।

# आइसिसी विश्वकप लिग-२: नेपाली टोलीको बिदाइ

**रासस**
काठमाडौं, ३१ बैशाख

नेपाल क्रिकेट सङ्घ(क्यान)ले आइसिसी विश्वकप लिग-२ अन्तर्गत त्रिकोणात्मक एकदिवसीय शृङ्खला खेल्न स्कटल्याण्ड जाने नेपाली क्रिकेट टोलीलाई आज बिदाइ गरेको छ । नेपाली टोली बुधबार साँझ ६ बजे त्यसतर्फ प्रस्थान गर्नेछ ।

क्यानका अध्यक्ष चतुरबहादुर चन्द, सचिव पारस खड्का, केन्द्रीय सदस्य छुम्बी लामालगायतले बुधबार यहाँ आयोजित एक कार्यक्रममा खेलाडीलाई सफलताको शुभकामना दिँदै बिदाइ गर्नुभयो । क्यानका अध्यक्ष चन्दले बेलायतमा हुने अभ्यास खेलले टोलिलाई हौसला प्रदान गर्ने भन्दै लिग-२ शृङ्खलाका लागि शुभकामना प्रदान गर्नुभयो ।

नेपालले लिग-२ अन्तर्गत स्कटल्याण्ड र नेदरल्याण्डसँग आगमी जुन २ देखि १० तारिख (आगामी जेठ १९-२७ गते) सम्म सिरिज खेल्नेछ । लिग-२ सिरिजपछि नेपालले ती देशसँग टी-२० आई सिरिजसमेत खेल्ने क्यानले जनाएको छ । उक्त सिरिज भने जुन १५ देखि २० तारिख (आगामी असार १-६ गते) सम्म सञ्चालन हुनेछ । लिग-२ खेल्नु अगाडि नेपालले बेलायतको स्थानिय टोली तथा स्टकल्याण्डको 'ए' टोलीसँग अभ्यास खेलसमेत खेल्नेछ ।

लिग-२ को शृङ्खलाका लागि नेपाली टोलीको कप्तान रोहितकुमार पौडेलसँगै उपकप्तान दीपेन्द्रसिंह ऐरी, गुल्सनकुमार झा, आसिफ शेख, करण केसी, सोमपाल कामी, कुशल भुर्तेल, ललितनारायण राजवंशी, अनिलकुमार साह, सन्दीप लामिछाने, भीम सार्की, आरिफ शेख, बसिर अहमद, नन्दन यादव र रिजन ढकाल छन् ।

# बाँझो बारीमा आलुखेती

**पोखरापत्र संवाददाता**
पर्वत, ३१ बैशाख

मोदी गाउँपालिकाले आम्दानी वृद्धि गर्ने उद्देश्यले १५ वर्षदेखि बाँझो रहेको बारीमा व्यावसायिक आलुखेती गरेको छ । पालिकाले क्याङ्मा आलुखेती थालेको हो ।

मोदी गाउँपालिका रोजगार सेवा केन्द्रका प्रमुख अनमोल क्षेत्रीका अनुसार पहिलोपटक छ रोपनीमा परीक्षणका लागि गरिएको आलुखेती सफल भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत नियुक्त भएका श्रमिकलाई परिचालन गरेर आलुखेती हो ।

व्यावसायिक आलुखेतीका लागि बीउ र मल खरिद गर्न पालिकाले रु ९५ हजार लगानी गरेको छभने प्रधानमन्त्री रोजगार कार्यक्रमका श्रमिकले उक्त खेती गरेका हुन् । प्रधानमन्त्री रोजगार कार्यक्रम निष्प्रभावी भइरहेको गुनासो आइरहेका बेला पालिकाले कृषिजन्य उत्पादनमूलक क्षेत्रमा परिचालन गरेको क्षेत्रीले बताउनुभयो ।

मोदी गाउँपालिकाको वडा नं १, ३ र ४ आलु उत्पादनका लागि 'पकेट' क्षेत्र मानिन्छन् । लामो समयसम्म बाँझो रहेको जमिन उपयोग गरेबापत पहिलो वर्ष निःशुल्क जग्गा प्राप्त भएको र आगामी आर्थिक वर्षदेखि जग्गा भाडामै लिएर आलुखेती गर्ने योजना पालिकाको रहेको गाउँपालिका अध्यक्ष हीरादेवी शर्माले बताउनुभयो । उहाँले ५० क्विन्टलभन्दा बढी उत्पादन हुने अनुमान सुनाउनुभयो ।

पालिकाले हरेक वर्ष १८ वर्षदेखि ५९ वर्ष उमेर समूहका बेरोजगार नागरिकलाई न्यूनतम एक सय दिनको रोजगारी प्रदान गर्दै आएको छ । उनीहरूलाई सडक मर्मत, गोरेटो तथा पदमार्ग निर्माण, सार्वजनिकस्थल, चौतारी, पोखरी, मठमन्दिर मर्मत तथा निर्माणलगायत काममा परिचालन गर्ने गरिएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : आर्थिक समस्या |
| सिंह | : मानसिक तनाब | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जन्मदिनमा जानकी माविमा अक्षयकोष थपिदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख



पोखरा महानगरपालिका वडा नं. १७ महतगौडास्थित जानकी माविमा जन्मदिनको अवसरमा अक्षयकोष थपिएको छ । विद्यालय शिक्षक अभिभावक संघका अध्यक्ष विक्रमबाबु भण्डारीले छोरा सुहार्द भण्डारीको जन्मदिन पारेर विद्यालयमा अक्षयकोष स्थापना गर्नु भएको हो ।

जन्मदिनमा गरिने फजुल खर्च कटाएर उहाँले विद्यालयमा अध्ययनरत जेहेन्दार एवम् विपन्न विद्यार्थीलाई पठनपाठनमा सहयोग पुऱ्याउने उदेश्यका साथ २१ हजार १२१ रुपैया बराबरको चेक प्रदान गर्नुभयो । विद्यालयमा आयोजित एक कार्यक्रम विच सुहार्द भण्डारीले प्रधानाध्यापक अर्जुन कडेललाई उक्त रकम बराबरको चेक हस्तान्तरण गनुभयो । अक्षयकोषको रकम सानो भएपनि जन्मदिनका अवसरमा अन्य खर्च कटाएर शैक्षिक क्षेत्रमा सहयोग गर्नुपर्दछ भन्ने सन्देश मुलक भएको बताइएको छ । सो अवसरमा विद्यालयमा नयाँ शैक्षिक सत्रमा भर्ना भएका ४७ जना विद्यार्थीलाई विद्यालय व्यवस्थापन समितिका सदस्य सञ्चारकर्मी हरि बास्तोला, प्रधानाध्यापक अर्जुन कडेल, शिक्षक अभिभावक संघका अध्यक्ष विक्रमबाबु भण्डारी लगायतले स्वागत गर्नुभएको थियो । स्थानीय एलेक्स शर्मा भण्डारीले आफ्नो जन्मदिनका अवसरमा विद्यालयमा ५५ हजार ५५५ रुपैयाको अक्षयकोष स्थापना गर्नुका साथै विद्यार्थीलाई १० हजार मुल्यको शैक्षिक सामाग्री वितरण गर्नुभएको थियो । २०३५ सालमा स्थापना भएको सो विद्यालयमा हाल तीन सय भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । गुणस्तरीय शिक्षामा जोड दिएको कारण संस्थागत विद्यालय छोडेर सामुदायिक विद्यालयमा पठनपाठन गर्ने विद्यार्थीको आकर्षण बढ्दै गएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र गुरुङ्गले जानकारी दिनुभयो ।

विद्यालयमा विभिन्न संघसंस्था एवम् शिक्षाप्रेमी व्यक्तित्वबाट १५ लाख भन्दा बढीको अक्षयकोष स्थापना भएको छ । उक्त रकमको व्याजबाट प्रत्येक बर्ष जेहेन्दार तथा विपन्न वर्गका विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्दै आएको उहाँको भनाई छ ।

विद्यालयमा पढदै कमाउँदै कार्यक्रम अन्तर्गत बाँसका विभिन्न सामाग्री बनाउने तालिम सञ्चालन भईरहेको छ । उक्त कार्यक्रमका लागि गण्डकी प्रदेश सरकारले पाँच लाख रुपैया वजेट विनियोजन गरेको थियो ।

# तामाखानी उत्खननका लागि खोजतालस सुरु

**पोखरापत्र संवाददाता**
बागलुङ, ३१ बैशाख

बागलुङको तमानखोला गाउँपालिका-६ नर्जाखानीमा तामाखानी उत्खननका लागि खोजतलास सुरु भएको छ । खानी तथा भूगर्भ विभागले अनुमति दिएपछि खोजतलास सुरु भएको हो । तमानखोलाको दर्जनौं स्थानमा तामाखानी छन् ।

त्यहाँ रहेको तामाखानीहरु विसं १९८१ सम्म सञ्चालनमा थिए । सरकारले खानीलाई करको दायरामा ल्याएपछि बन्द भएका थिए । खानी तथा भूगर्भ विभागले अध्ययन तथा अनुसन्धानका लागि २०८४ असोज १४ गतेसम्मका लागि अनुमति दिएपछि खानीको खोजताल सुरु भएको हो । हाल विकप्लस मिनिलर प्रालीले नर्जाखानीका विभिन्न ठाउँमा खानीको खोजतलास गरिरहेको छ । उक्त क्षेत्रमा सतहमा तामा सामान्य रुपमा देखिएको विकप्लस मिनिलर प्रालीका भूर्गवशास्त्री बलराम कार्कीले जानकारी दिनुभयो ।

उहाँका अनुसार यस क्षेत्रमा तीन चरणका अनुसन्धान हुनेछ । त्यसबाट राम्रो नतिजा आयो भने उत्खनन गर्न सकिनेछ । अबको एक वर्षभित्रमा तीनै चरणको अध्ययन सकिने गरी काम भइरहेको कार्कीले बताउनुभयो । अहिले नर्जाखानी क्षेत्रमा प्राविधिक खटिएर धमाधम अध्ययन गरिरहेको छ । "अनुसन्धानका धेरै चरणहरु हुन्छन्, हामीहरु अहिले पहिलो चरणको अनुसन्धानमा छौं, जुसलाई 'जियोफिजिक सर्भे' भन्छौं, यसबाट राम्रो नतिजा आयो भने दोस्रो चरणको टेस्ट ड्रिलिङ गर्छौं र त्यसपछि फाइनल ड्रिलिङ गरी राम्रो नजिता आए, उत्खनन गर्छौं", भूर्गवशास्त्री कार्कीले भन्नुभयो, "यसको उत्खनन गर्न रु २० देखि २२ अर्ब लाग्छ, यति रुकम लगानी गरेर खानी सञ्चालन गर्न सक्छौं कि सक्दैनौं भनेर खोजतलास गरिरहेका हौं ।" तमानखोलाको नर्जाखानी, भित्रीवन र पात्लेगाउँको धेरै स्थानमा तामाखानीका सुरुङ र अवशेष प्रशस्तै छन् । बन्द भएका खानी उत्खननका लागि अध्ययन हुँदा स्थानीय खुसी भएका छन् । तमानखोला गाउँपालिका-६ का अध्यक्ष चित्र छन्त्यालले बाउबाजेले खानेको खानी उत्खनन गर्नसके गाउँलेको जीवनस्तर उकासिने बताउनुहुन्छ । उहाँले भन्नुभयो, "यहाँका खानीहरुसँग हाम्रो पहिचान जोडिएको छ, हाम्रो समुदायका मानिसको इतिहास जोडिएको छ, अहिले पनि हाम्रो गाउँमा सयौं ठाउँमा पहिले तामा निकालेको डोबहरु छन्, ती खानीहरुबाट तामा निकाल्न पाए, यस क्षेत्रका नागरिकको जीवनस्तर परिवर्तन हुने थियो, आर्थिक रुपमा मजबुत हुने थिए भने युवाले गाउँमै रोजगार पाउने थिए ।" तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले लामो समयको प्रयासपछि तामाखानीको अध्ययन गर्न थालिएको बताउनुभयो । तामानखानीको अध्ययन अहिलेसम्म सकारात्मक देखिएको अध्यक्ष बुढामगरले बताउनुभयो ।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि नदिपुरसम्म जाँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नामः अनुप बाटाजु**
**ठेगानाः पोखरा-४, कास्की**
**विमा लेख नं.: १३००५०६०१**
**सम्पर्क नं. ९८४६११६११५**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नम्बर १४ प्रगति टोल स्थित प्रगति टोलमा बाटो ढलान निर्माणको तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

योजनाको नाम : प्रगतिटोल बाटो ढलान पोखरा-१४
उपभोक्ता समितिको नाम : प्रगति टोल बाटो ढलान निर्माण उपभोक्ता समिति
योजनाको कूल लागत : रु ६२५१७७/५८
योजना सम्झौता मिति : २०८१/११/६
योजना शुरु मिति : २०८१/११/१३
योजना सम्पन्न मिति : २०८२/१/१५
प्राविधिक अनुसार बाटोको लम्बाई : ८१.५० मिटर
महानगरबाट प्राप्त हुनुपर्ने रकम : रु ५०००००
उपभोक्ता समितिबाट : रु १२५१७७/५८
जम्मा खर्च : रु ६२५१७७/५८
उपभोक्ता समितिका पदाधिकारीहरु
अध्यक्ष : मीन फगानी पुन, कोषाध्यक्षः दुर्गा पोखरेल
सचिव : मीना अधिकारी पोखरेल
सदस्यहरु : लक्ष्मी सापकोटा पोखरेल,कृष्ण पुन, लीलाम्बर पोखरेल, सोमबहादुर फगामी
अनुगमन समिति
दिलमायाँ गुरुङ्ग - वडा सदस्य, रमेश त्रिपाठी, गजेन्द्र शेरचन

**प्रगति टोल बाटो ढलान निर्माण उपभोक्ता समिति**
**पोखरा-१४**

# पर्यटकीय विकासको पर्खाइमा ऐतिहासिक लोमान्थाङ

धर्मेन्द्र झा
मुस्ताङ, ३१ बैशाख/रासस

म्याग्दी सदरमुकाम बेनीबाट कालीगण्डकी नदीको किनार हुँदै उत्तरतर्फ जाँदा झण्डै १८० किलोमिटरको दूरीमा रहेको मुस्ताङको लोमान्थाङ ऐतिहासिक र धार्मिक दृष्टिले जति महत्वपूर्ण छ, यसको महत्व प्राकृतिक र पर्यटकीय दृष्टिले पनि उत्तिकै छ।

पर्यटनका लागि प्रचुर सम्भावना हुँदा पनि विभिन्न नीतिका कारण यहाँ अपेक्षाकृत विदेशी पर्यटक आउन नसकेको यहाँका जनप्रतिनिधिको गुनासो छ। नजिकैको मार्फा, जोमसोम, कागबेनी र मुक्तिनाथ मन्दिर दर्शनका लागि वार्षिक हजारौँ विदेशी पर्यटक आउँदा पनि जोमसोमबाट करिब ७५ किलोमिटर उत्तरमा रहेको लोमान्थाङमा भने मुस्किलले विदेशी पर्यटक आउँछन् । लोमान्थाङ गाउँपालिकका अध्यक्ष टसी न्हर्वु गुरुङका अनुसार विदेशी पर्यटक प्रवेशका लागि कडाइ गरिँदा यहाँ अपेक्षाकृत रुपमा यहाँको पर्यटन विकास हुन नसकेको हो । "लोमान्थाङ र लो-धेकर दामोदरकुण्ड गाउँपालिकामा आउनका लागि विदेशी पर्यटकले १० दिनका लागि ५०० अमेरिकी डलर तिर्नुपर्ने अवस्था छ, यो व्यवस्थाका कारण हामीले चाहे जति विदेशी पर्यटक ल्याउन सकेका छैनौँ", अध्यक्ष गुरुङले भन्नुभयो । राज्यले सहजीकरण गरिदिने हो भने पर्यटकीय सम्भावना भएको ऐतिहासिक लोमान्थाङमा बर्सेनि हजारौँ पर्यटक भित्र्याइ यहाँको जनजीवन उकास्न सकिने उहाँको बुझाइ छ । लोमान्थाङ चीनसँग सिमाना जोडिएको गाउँपालिका पनि हो । यहाँको कोरला नाकामा अध्यागमन कार्यालय छ । तर सञ्चालन भने आउन सकेको छैन । उहाँ भन्नुहुन्छ, "लोमान्थाङको सिमाना चीनसँग पनि जोडिने भएकाले आर्थिक गतिविधि बढाउने प्रशस्त आधार छन्, कोरला नाकाको अध्यागमन कार्यालय सञ्चालन हुन नसक्दा हामीले लाभ लिन पाएका छैनौँ ।" गत कात्तिक १४ गते गृहमन्त्री रमेश लेखकले चीनसँग सिमाना जोडिएको लोमान्थाङ-१ नेचुङमा पर्ने कोरला नाकाको दशगजा नजिक स्थापित अध्यागमन कार्यालय र सशस्त्र प्रहरी बलको (बिओपी) भवन उद्घाटन गर्नुभएको थियो।

त्यसयता कार्यालय सञ्चालनमा आउने र यहाँको आर्थिक गतिविधि बढ्ने अपेक्षा गरिए पनि हालसम्म त्यसो नभएको अध्यक्ष गुरुङले गुनासो गर्नुभयो । "अध्यागमन कार्यालय सञ्चालनका लागि खाद्य र पशु क्वारेन्टिन आवश्यक पर्छ, कार्यालय उद्घाटन त भयो तर त्यो सुविधा नहुँदा अहिले सञ्चालन हुन नसकेको अवस्था छ", उहाँले भन्नुभयो । लोमान्थाङ १५औँ शताब्दीदेखि २०औँ शताब्दीसम्म भारत-नेपाल-तिब्बतबीचको व्यापारमार्ग थियो । तर अहिले यो नाका प्रायः ठप्प जस्तै छ । स्थानीयलेसमेत व्यापार गर्न नपाउँदा समस्या भोग्नुपरेको उहाँको भनाइ छ।

अध्यक्ष गुरुङका अनुसार लोमान्थाङमा बिरामीको उद्धारका लागि पनि समस्या छ । यहाँ हेलिकप्टर उडानका लागि गृहमन्त्रालयबाट अनुमति लिनुपर्ने अवस्था छ। कहिलेकाहीँ अनुमति लिँदा हुने ढिलाइका कारण बिरामीको अकालमै ज्यान जानेलगायत समस्या रहेको उहाँको गुनासो छ । बिरामीको उपचारका लागि स्थानीय तहले अस्पताल त बनाएको छ तर त्यहाँबाट बिरामीले लाभ लिन सकेका छैनन् । "हामीले यहाँ अस्पताल त बनायौँ तर आवश्यक जनशक्ति र उपकरणको अभाव छ, यस विषयमा प्रदेश सरकार र केन्द्र सरकारसँग पटकपटक आग्रह गर्दा पनि समस्या समाधान हुन सकेको छैन", उहाँले भन्नुभयो।

कूल पाँच वटा वडा रहेको लोमान्थाङको करिब दुई हजार जनसङ्ख्या छ। यहाँ रहेको ६०० वर्ष पुरानो बस्ती विशाल फाँटमा बसेको छ। चौतर्फी रुपमा माटोको पर्खालले घेरिएको यो बस्ती सुक्खा पहाडको काखमा छ । यो बस्ती प्राकृतिक सुन्दरताले जति आकर्षक छ, सांस्कृतिक सम्पदाले भरिपूर्ण पनि छ । यहाँका दरबार, गुम्बा, सांस्कृतिक राजा, मुखिया परम्परा, तिब्बती संस्कृतिसँग मिल्दोजुल्दो संस्कार र जीवनशैली लोमान्थाङको पहिचान हो। समुन्द्री सतहदेखि तीन हजार ८५० मिटर उचाइमा रहेको लोमन्थाङ उपल्लो मुस्ताङको प्रवेश बिन्दु पनि हो। यहाँ दुई हजार वर्षभन्दा पहिले माटोको पहाड खोपेर बनाइएको 'सिजा झोङ' छ। अध्यक्ष गुरुङका अनुसार गुफाभित्र साना र ठूला गरी कम्तीमा ६० वटा कोठा छन्। "यहाँ आउने जोकोही पर्यटक पनि एकपटक गुफा नहेरी फर्कँदैनन्", उहाँले भन्नुभयो, "ऐतिहासिक र पर्यटकीय दृष्टिले अत्यन्तै सम्भावना भएको लोमान्थाङले यसबाट लाभ भने लिन सकेको छैन ।" अन्नपूर्ण र धौलागिरि हिमशृङ्खलाको बीचमा रहेको यो क्षेत्र १३औँ शताब्दीका लो राज्यको राजधानीका रुपमा स्थापना भएको इतिहास छ। १८औँ शताब्दीमा नेपालको एकीकरण गरे पनि मुस्ताङ राज्य र लोमान्थाङले वंशाणुशासन नेपालमा गणतन्त्र आउनुअघिसम्म कायम राख्दै आएको थियो । यहाँका अन्तिम राजा जिग्मे पल्भर विस्ट र उहाँभन्दा अगाडिका राजाको दरबार अहिले एक्लो जस्तै छ। यो क्षेत्र इतिहास र धर्ममा रुचि राख्नेका लागि महत्वपूर्ण गन्तव्य भएको अध्यक्ष गुरुङको बुझाइ छ।

लोमान्थाङ हजारौँ वर्ष पुरानो तिब्बती र बौद्ध संस्कृतिको केन्द्र हो । यहाँका गुम्बा, महलहरू र पुराना चित्रकलामा त्यो इतिहास देख्न पाइन्छ। यहाँ रहेको राजमहल र झम्पा, थुब्चेन, छोदे र छोपलाका गुम्बा धार्मिक तथा कलात्मक दृष्टिले विशेष भएको उनको भनाइ छ। भौगोलिक रुपमा लोमान्थाङले सुक्खा भूभाग भएको ठाउँ हो । यहाँबाट नीलगिरि, धौलागिरि र अन्नपूर्ण हिमालको दृश्यावलोकन गर्न सकिन्छ।

लोमान्थाङमा राजसी गुम्बा, हजारौँ वर्ष पुराना भित्तेचित्र, मूर्तिकला र बौद्ध ग्रन्थहरू यहाँ पाइन्छन् । यहाँ आउने पर्यटकका लागि लो राज्य छँदाका राजाहरुको ऐतिहासिक दरबार आकर्षणको केन्द्र बन्दै गएको छ।

# 'तरकारीमा विषादीको प्रयोग घटाऔँ'

रासस
चितवन, ३१ बैशाख

जिल्लाबाट उत्पादन भएर बिक्रीका लागि गएका तरकारीमा रसायनिक विषादीको प्रयोग बढी देखिएसँगै विज्ञहरूले यसको प्रयोग घटाउन किसानलाई आग्रह गरेका छन् । केरूङ्गा ताजा तरकारी तथा फलफूल उत्पादक सहकारी संस्थाले आयोजना गरेको विषादी न्यूनीकरण जनचेतनामूलक प्रशिक्षण कार्यक्रममा कृषि विज्ञले रसायनिक विषादीको प्रयोग कम गरेर प्राङ्गारिकतर्फ केन्द्रत हुन किसानलाई सुझाव दिएका छन् ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का वरिष्ठ वैज्ञानिक घनश्याम भण्डारीले रसायनिक विषादीको प्रयोगले किसानका सत्रु तथा मित्रजीव दुवैलाई असर गर्ने र प्रयोग गर्दासमेत मानव स्वास्थ्यमा समस्या हुने भएकाले यसको प्रयोग घटाउन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो "विज्ञसँगको समन्वयमा रसायनिक विषादीको समूचित प्रयोग गर्नुपर्छ ।" अहिले जथाभावी प्रयोग गर्दा यहाँको उत्पादनमा विषादीको मात्रा बढी देखिएको उहाँले बताउनुभयो।

कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरका कीट विज्ञान विषयका प्रध्यापक डा सुन्दर तिवारी विषादीको प्रयोग गरिसकेपछि कति अवधि राख्नुपर्छ भन्ने कृषिमा ज्ञान नभएकाले तरकारीमा विषादीको मात्रा बढेको बताउनुहुन्छ । उहाँले भन्नुभयो "सामान्यतया तरकारीमा विषादी प्रयोग गरेको एक सातासम्म टिप्न मिल्दैन। यहाँ भोलि बिक्री गर्ने तरकारीमा आज विषादीको प्रयोग गर्ने गर्दा समस्या देखिएको छ।" उहाँले किसानको सत्रुजीव र मित्रजीव दुवैलाई एवं उत्पादक तथा उपभोक्ता सबैको स्वास्थ्यमा असर गर्ने भएकाले विषादीको प्रयोग कम गर्न किसानलाई आग्रह गर्नुभयो।

विषादीको प्रयोगले उत्पादन पनि घट्दै गएको भन्दै प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन इकाई चितवनका प्रमुख महेश रेग्मीले तरकारीमा प्रयोग गरिने विषादी न्यूनीकरण गर्न सकेमा मात्र स्वस्थ जीवन बिताउन सकिने बताउनुभयो। यहाँ उत्पादित तरकारी देशका विभिन्न स्थानमा पुग्ने गरेको बताउँदै उहाँले विज्ञसँगको परामर्शमा मात्र विषादीको प्रयोग गर्न आग्रह गर्नुभयो । जथाभावी विषादीको प्रयोगले मानव स्वास्थ्यमा असर पर्ने भन्दै उहाँले कृषि क्षेत्रलाई रासायनिक विषादीरहित बनाउन लाग्न जरूरी रहेको बताउनुभयो। जिल्ला कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेलले कालिमाटी फलफूल तथा तरकारी बजारमा चैत १९ गते पठाइएको बोडीमा ९२ दशमलव ४५३ प्रतिशत अर्गानोफस्फेट भेटिएको थियो । वैशाख १४ गते पठाइएको करेलामा ७५ दशमलव ००७ प्रतिशत भेटिएको थियो। यसले गर्दा चितवनको तरकारी उपभोग गर्न हुन्न भन्ने सन्देश गएकाले किसान सचेत हुन जरूरी रहेको उहाँले बताउनुभयो । सो अवसरमा जिल्ला प्रशासन कार्यालय चितवनका सहायक प्रमुख जिल्ला अधिकारी चुडामणि शर्मा गौतमले तरकारीमा देखिएको विषादीले मानव स्वास्थ्यमा समस्या पर्ने भएकाले उपभोक्ता अधिकार संरक्षणसम्बन्धी कानुन आकर्षित हुने भन्दै उहाँले विषादीको प्रयोग कम गर्न किसानलाई आग्रह गर्नुभयो। उहाँले स्थानीय प्रशासन कानुनी प्रक्रियामा जानुभन्दा बेलैमा विषादीको प्रयोग घटाउन किसानलाई सुझाउनुभयो । यस सहकारीबाट दैनिक उत्पादन भएर १० टन तरकारी बाहिर जाने गरेको छ। ती तरकारीमा विषादी देखिएपछि आफूहरू चिन्तित भएर सुधारको पक्षमा लागेको संस्थाका पूर्व अध्यक्ष कान्छा मल्लले जानकारी दिनुभयो।

# आइसिसी विश्वकप लिग-२: नेपाली टोलीको बिदाइ

रासस
काठमाडौं, ३१ बैशाख

नेपाल क्रिकेट सङ्घ(क्यान)ले आइसिसी विश्वकप लिग-२ अन्तर्गत त्रिकोणात्मक एकदिवसीय शृङ्खला खेल्न स्कटल्याण्ड जाने नेपाली क्रिकेट टोलीलाई बुधबारबिदाइ गरेको छ।






नेपाली टोली आज साँझ ६ बजे त्यसतर्फ प्रस्थान गर्नेछ । क्यानका अध्यक्ष चतुरबहादुर चन्द, सचिव पारस खड्का, केन्द्रीय सदस्य छुम्बी लामालगायतले आज यहाँ आयोजित एक कार्यक्रममा खेलाडीलाई सफलताको शुभकामना दिँदै बिदाइ गर्नुभयो । क्यानका अध्यक्ष चन्दले बेलायतमा हुने अभ्यास खेलले टोलिलाई हौसला प्रदान गर्ने भन्दै लिग-२ शृङ्खलाका लागि शुभकामना प्रदान गर्नुभयो। नेपालले लिग-२ अन्तर्गत स्कटल्याण्ड र नेदरल्याण्डसँग आगमी जुन २ देखि १० तारिख (आगामी जेठ १९-२७ गते) सम्म सिरिज खेल्नेछ । लिग-२ सिरिजपछि नेपालले ती देशसँग टी-२० आई सिरिजसमेत खेल्ने क्यानले जनाएको छ। उक्त सिरिज भने जुन १५ देखि २० तारिख (आगामी असार १-६ गते) सम्म सञ्चालन हुनेछ । लिग-२ खेल्नु अगाडि नेपालले बेलायतको स्थानिय टोली तथा स्टकल्याण्डको 'ए' टोलीसँग अभ्यास खेलसमेत खेल्नेछ। लिग-२ को शृङ्खलाका लागि नेपाली टोलीको कप्तान रोहितकुमार पौडेलसँगै उपकप्तान दीपेन्द्रसिंह ऐरी, गुल्सनकुमार झा, आसिफ शेख, करण केसी, सोमपाल कामी, कुशल भुर्तेल, ललितनारायण राजवंशी, अनिलकुमार साह, सन्दीप लामिछाने, भीम सार्की, आरिफ शेख, बसिर अहमद, नन्दन यादव र रिजन ढकाल छन्।


## तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ (पैंतिस) दिने सार्वजनिक सूचना

**पटक प्रकाशित मितिः २०८२/०२/०१**

यस निबृत्त राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित ऋणीहरुले बिभिन्न शिर्षक अन्तर्गतको ऋण (कर्जा) लिनु भएकोमा ऋण लिंदाको बखत संस्थासँग गरेको सर्त सम्झौता बमोजिम समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज लगायतका रकमहरु नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी सर्तहरु उल्लङ्घन गरेकोले संस्थासंग लिएको सम्पूर्ण ऋण रकमको सांवा, ब्याज तथा हर्जाना चुक्ता गर्न पटक पटक मौखिक एवम् लिखित रुपमा ताकेता गर्दा समेत वेवास्ता गरी नतिरी नबुझाई कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई बसेको हुनाले यो ३५ दिने सर्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र संस्थालाई तिर्नु बुझाउनु पर्ने ऋण र सो सँग सम्बन्धित सम्पूर्ण रकम भुक्तान गर्नु होला। सूचनामा तोकिएको म्याद भित्र संस्थालाई बुझाउनु पर्ने साँवा, ब्याज र हर्जाना लगायतका रकम नबुझाएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको बचत तथा ऋणनीति, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियनावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुबाट कानुन बमोजिम धितो सुरक्षणमा दिएको सम्पत्ति लिलाम गरि असुल उपर गरिनेछ वा सोबाट समेत असुल उपर नभएमा प्रचलित कानुन बमोजिम ऋणी तथा व्यक्तिगत धन जमानीकर्ताहरुको हकभोग लाग्ने अन्य जायजेथा जो जे बाट हुन्छ असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**तपसिलः**

| ऋणीको नाम थर ठेगाना | व्यक्तिगत धन जमानी दिनेको विवरण | धितोको विवरण |
|---|---|---|
| **नामः किरण पौडेल** <br>बाबुः टंक प्रसाद पौडेल<br>बाजेः नारायण दत्त पौडेल<br>स्थायी ठेगानाः पुतलीबजार न. पा.१ स्याङजा<br>नागरिकता नं.: ४५७३४<br>जारी मितिः २०५५-०४-०३ | **नामः बसन्त पौडेल** <br>बाबुः टंक प्रसाद पौडेल<br>बाजेः नारायण दत्त पौडेल<br>स्थायी ठेगानाः पुतलीबजार<br>न. पा.१ स्याङजा<br>नागरिकता नं. १४७३८<br>जारी मितिः २०५०-१०-३<br><br>**नामः युगल पौडेल** <br>बाबुः टंक प्रसाद पौडेल<br>बाजेः नारायण दत्त पौडेल<br>स्थायी ठेगानाः पुतलीबजार<br>न. पा.१ स्याङ्जा<br>नागरिकता नं. ४२३०६२/१६७<br>जारी मितिः २०६३-११-०४ | पुतलीबजार न.पा.-१ को कित्ता नं. ६३०६ |
| **नामः सु कुमारी श्रेष्ठ** <br>ससुराको नामः हर्ष मान श्रेष्ठ<br>पतिको नामः तेज नारायण श्रेष्ठ<br>स्थायी ठेगानाः स्याङजा पुतलीबजार<br>गा.वि.स. वडा नं. ९<br>नागरिकता नं. २१०९<br>जारी मितिः २०४२-२-१७<br>प्रतिलिपिः २०७१-२-८ | **नामः श्याम कृष्ण श्रेष्ठ** <br>बाबुः तेज नारायण श्रेष्ठ<br>बाजेः हर्ष मान श्रेष्ठ<br>स्थायी ठेगानाः स्याङजा पुतलीबजार<br>गा.वि.स. वडा नं. ९<br>नागरिकता नं. ४८२६८<br>जारी मितिः २०५५-८-१६ (प्रतिलिपि)<br><br>**नामः राम कृष्ण श्रेष्ठ**<br>बाबुः तेज नारायण श्रेष्ठ<br>बाजेः हर्ष मान श्रेष्ठ<br>स्थायी ठेगानाः स्याङ्जा पुतलीबजार<br>गा.वि.स. वडा नं. ९<br>नागरिकता नं. १०९७५<br>जारी मितिः २०४७-५-२० | पुतलीबजार न. पा. ३ को कित्ता नं. ६१४, २२४, २०६ र १०७३ को जग्गा |

**निवृत्त राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पुतलीबजार नगरपालिका -१, स्याङ्जा**



## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**फेदीखोला बजार, फेदीखोला, स्याङ्जा**
**गण्डकी प्रदेश, नेपाल**

## नकुहिने फोहोरमैला संकलन गरी ढुवानी गर्न सवारी साधन भाडामा लिने सम्बन्धी पुनः प्रकाशित सूचना ।

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०२/०१)**

फेदीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले चालु आ.व.०८१/०८२ मा फेदीखोला गाउँपालिका, फेदीखोला बजार मुकाममा रही स्थानीयस्तरमा उत्पादित नकुहिने फोहोरमैला संकलन गरी ढुवानी गर्न प्रयोग गर्ने प्रयोजनका लागी तोकिएको शर्तहरुको अधिनमा रही मासिक रुपमा अधिकतम २० कार्यदिन सञ्चालन हुने गरी मिति २०८२ आषाढ मसान्तसम्मका लागि सवारी साधन भाडामा लिने निर्णय गरेकोले इच्छुक फर्म, व्यक्ति वा कम्पनीबाट नियमानुसार खरिद प्रक्रियामा सहभागी हुनका लागी यो सूचना प्रकाशित गरिएको छ। मिति २०८२/०२/०७ गतेको कार्यालय समयभित्र इच्छुक फर्म, व्यक्ति वा कम्पनीले नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा कम्पनी/फर्मका कागजात सहित निवेदन गरेमा यस कार्यालयबाट निःशुल्क रुपमा दरभाउपत्र फारम प्राप्त गर्न सक्नेछन् । मिति २०८२/०२/०८ गतेको मध्यान्ह १२.०० बजेभित्र यस कार्यालयको प्रशासन, योजना तथा आन्तरिक व्यवस्थापन शाखामा खामबन्दी गरिएको दरभाउपत्र दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सवारीधनीले आँफुले उपलब्ध गराउन चाहेको सवारी साधनको मासिक भाडाको दर सहितको प्रस्ताव तयार गरी खामबन्दी गरी यस कार्यालयम उल्लिखित मितिभित्र पेश गरिसक्नुपर्नेछ। रितपूर्वक पेश नभएका वा म्याद नाघी प्राप्त भएका दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन। यस सूचना सम्बन्धी विस्तृत विवरण र शर्तहरु यस कार्यालयको वेभसाइट www.phedikholamun.gov.np बाट वा प्रशासन, योजना तथा आन्तरिक व्यवस्थापन शाखामा सम्पर्क राखी लिन सकिनेछ। सम्पर्क इमेल ठेगाना, मोवाइल तथा फोन नं.: phedikhola174@gmail.com र मो.नं. ९८४६०७०९११, ९८४०१९७१७५,९८५६०६६६०३, फोन नं. ०६३-४०२०५३